कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २९ | वि.सं. २०८१ वैशाख ३० आइतवार | नेपाल संवत: ११४४, वैशाख शुक्ल पञ्चमी | Sunday 12 May . 2024 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## म्याराथनको उपाधी विभागिय टिमको पोल्टामा



**युग संवाददाता**
**सुर्खेत, २९ वैशाख ।**

प्रथम ज्ञान कर्णाली हाफ म्याराथनको उपाधी विभागिय टोली नेपाल आर्मी र सशस्त्र प्रहरीको पोल्टामा परेको छ । शनिवार वीरेन्द्रनगरमा भएको २१ किलोमिटरको हाफ म्याराथन पुरुषतर्फको उपाधी आर्मीका नरेन्द्र रावल जितेका छन् । उनले एक घण्टा ११ मिनेट २५ सकेण्डमा निर्धारित दुरी पार गरी उपाधी चुम्न सफल भए ।

यस्तै, पुरुषतर्फ एक घण्टा ११ मिनेट ४८ सेकेण्ड र एक घण्टा १३ मिनेट २३ सेकण्डमा निर्धारित दुरी पार गरी नेपाली सेनाकै रामजी बस्नेत द्वितिय र सशस्त्र प्रहरीका श्रीकेश राई तृतिय हुन सफल भए ।

महिलातर्फको २१ किलोमिटर दौडको उपाधी सशस्त्र प्रहरीकी पुष्पा भण्डारीले चुमिन् । भण्डारीले १ घण्टा २८ मिनेट १७ सकेण्ड निर्धारित दुरी पार गरी उपाधी चुम्न सफल भएकी हुन् । भण्डारीले एथेलेक्टिसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा थुप्रै पदक हात पारेकी छन् ।

यस्तै प्रतियोगितामा नेपाली सेनाकी सिर्जना पाण्डेले दोस्रो स्थान हाँसिल गर्दा जुम्लाकी राज्यलक्ष्मी रावतले तेस्रो स्थानमा चित्त बुझाइन् । पाण्डेले निर्धारित दुरी एक घण्टा ३२ मिनेट ४३ सकेण्डमा पार गर्दा रावतले एक घण्टा ३६ मिनेट ४० सकेण्ड लगाएकी थिइन् ।

प्रतियोगितामा विजयी भएका पुरुष तथा महिला खेलाडीलाई कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले क्रमश ५५ हजार, ३० हजार र २० हजार नगदसहित ट्रफि र मेडलले सम्मान गरेका थिए ।

यस्तै, पाँच किलोमिटर छात्र दौडतर्फ प्रथम अजय विश्वकर्मा द्वितिय नवराज बानियाँ तृतीय रमेश बुढा र छात्रातर्फ प्रथम बिमला कार्की, दोस्रो पूर्णिमा बुढाथोकी र लक्ष्मी शाहीले तृतीय स्थान हासिल गर्न सफल भएका थिए । विजयी छात्र तथा छात्राहरुलाई क्रमश १० हजार, सात हजार र पाँच हजार नगद तथा प्रमाण पत्र प्रदान गरिएको छ ।

विद्यालयस्तरिय पाँच किलोमिटर दौडमा प्रथम भएका आठ वर्षिय बालकलाई प्रोत्साहन पुरस्कारसमेत प्रदान गरिएको थियो । प्रतियोगितामा झण्डै एक हजार बढी धावकहरुको सहभागिता रहेको थियो । कर्णाली प्रदेश खेलकुद परिषद्को आर्थिक

बाँकी ३ पेजमा

# सुधारोन्मुख कर्णालीको मानव विकास सुचक




**ओम शाही**
**सुर्खेत, २९ वैशाख ।**

मानव विकास सुचाङ्कको पुछारमा रहेको कर्णाली प्रदेशमा गएको १० वर्षको अवधिमा केही सुचकमा क्रमिक सुधार हुँदै गएको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको जनसंख्या साक्षरता पुस्तक तथा जनसांख्यिक सूचकमा कर्णालीको स्वास्थ्य शिक्षा, सामाजिक सुरक्षा र विकासमा सुधार हुँदै गएको पाइएको हो ।

जसमा नेपालको कुल औषत आयु बढेर ७१ दशमलव तीन वर्ष पुग्दा कर्णालीको औषत आयु ६६ वर्षबाट बढेर ७२ दशमलव पाँच पुगेको छ । यो तथ्यांक अन्य प्रदेशको तुलनामा कर्णालीको औषत आयु बढी हो । जसमा पुरुषको भन्दा महिलाको औषत आयु कर्णालीमा बढी रहेको राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकले देखाउँछ ।

कर्णालीमा पुरुषको औषत आयु ७२ रहदा महिलाको भने ७५ दशमलव पाँच रहेको छ । नेपालमा पुरुषको औषत आयु ६८ दशमलव दुई रहेको छ भने महिलाको ७३ दशमलव आठ वर्ष रहेको छ । पुरुष र महिलाको मृत्युको ग्याप बढ्दै गएर करिब पाँच वर्षले फरक रहेको तथ्यांकले देखाउँछ ।

सबैभन्दा कम ६९ दशमलव पाँच वर्ष लुम्बिनी प्रदेशमा रहेको छ । दोस्रोमा कोशी प्रदेशमा ७० दशमलव चार, सुदूरपश्चिममा ७१ दशमलव तीन, मधेस प्रदेशमा ७१ दशमलव आठ, गण्डकी प्रदेशमा ७२ दशमलव एक, वागमती प्रदेशमा ७२ दशमलव चार रहेको छ । यस्तै, सबैभन्दा कम महिलाहरुको औषत आयु लुम्बिनी प्रदेशमा ७२ दशमलव पाँच वर्ष रहेको छ । हरेक उमेर समूहमा पुरुषको मृत्यु महिलाको भन्दा छिटो हुने गरेको तथ्यांकले देखाएको छ । २०३८ सालमा भने पुरुषको औषत आयु नेपालमा बढी रहेको थियो ।

## कोरा जन्मदर १८ प्रतिशत

एक वर्षमा शिशुहरूको कोरा जन्मदर हेर्दा नेपालमा १४ दशमलव दुई प्रतिशत (हजारमा १४ जना) जन्मशर्त जन्म भएको देखिन्छ । जन्मिने हिसाबको क्रममा सबैभन्दा कम गण्डकी प्रदेशमा छ । गण्डकी प्रदेशमा वार्षिक जनसंख्या वृद्धिदर शून्य दशमलव २५ प्रतिशत मात्रै छ । यसको प्रभाव कोरा जन्मदरमा पनि परेको देखिन्छ । प्रतिहजारमा ११ जना मात्रै जन्म भएको देखिन्छ । यो सबैभन्दा बढी कर्णाली प्रदेशमा १८ दशमलव ६ अर्थात एक हजारमा १८ देखि १९ जना कोरा जन्म भएको देखिन्छ । २०२८ सालदेखि २०७८ सालसम्मको अवधिमा नेपालमा द्रुतगतिमा कोरा जन्मदर घट्दो छ । २०६८ मा २२ दशमलव चार थियो भने अहिले आठ जनाको दरले यो अवधिमा घटेको तथ्यांकले देखाउँछ ।

## घट्दै कोरा मृत्युदर

कर्णालीमा कोरा मृत्युदर घटेदै गएको पाइएको छ । प्रति एक हजारमा कति व्यक्तिहरुको एक वर्षमा मृत्यु हेर्दा सबैभन्दा बढी मृत्यु हुने गण्डकी प्रदेशमा आठ दशमलव २५ (हजारमा ९ जना), कोशी र वागमती प्रदेश रहेका छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा छ । कर्णाली प्रदेशमा कोरा मृत्युदर एक हजार जनामा चार दशमलव ९९ रहेको छ । मधेस प्रदेशमा मृत्युदर कम भएको देखिन्छ । नेपालमा २०६८ मा एक हजारमा सात दशमलव तीन जनाको मृत्यु भएको थियो भने अहिले आउँदा ६ दशमलव ८ प्रतिशतको मृत्यु भएको छ ।

नेपालमा २०३८ मा १३ दशमलव पाँच जनाको मृत्यु हुने गर्दथ्यो । लुम्बिनी प्रदेशमा हजारमा सात दशमलव सात जनाको मृत्यु भएको दखिन्छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ६ दशलमव ४२ रहेको छ । एक हजार लाइफ बर्थमा कति जना बच्चाहरुको

बाँकी ३ पेजमा

## छोराभन्दा छोरीको जन्म धेरै

नेपालमा एउटा (१५-४९) वर्षका महिलाहरूले आफ्नो प्रजनन उमेरमा जन्माउने जम्माजम्मी छोरीहरूको संख्या एक जना महिलाले नेपालमा ७३ छोरीहरु जन्माउँछन् । सबैभन्दा बढी छोरी जन्माउने प्रदेश कर्णाली रहेको राष्ट्रिय तथ्यांक कार्यालय, जनसंख्या शाखाका निर्देशक ढुण्डिराज लामिछाने बताउँछन् ।

कर्णालीमा सय जनामा ७९ जना महिलाले छोरीहरु जन्माएको तथ्यांकले देखाउँछ । सबैभन्दा कम छोरीहरुको जन्म वागमती प्रदेशमा भएको छ । छोरीहरुको संख्या जति घट्छ जन्मदर द्रुत गतिमा घट्दै जाने खतरा हुन्छ । सोही अनुसार नेपालमा पनि खतरा देखिएको निर्देशक लामिछानेले बताए ।

प्रतिहजार महिलाहरुमा दुई सय २२ जना बच्चाहरु वागमती प्रदेशमा जन्मिने गरेका छन् भने मधेश प्रदेशमा सबैभन्दा बढी हजार जना महिलामा चार सय एक जना जन्मिने गरेका छन् । एउटा महिलाले आफ्नो जीवनकालमा एक दशमलव ९४ जना बच्चा जन्माउँछन्

१५ देखि ४९ वर्षका उमेरका महिलाहरुले औषतमा बच्चा जन्माउने औषत उमेर कर्णाली प्रदेशमा करिव २७ वर्ष (२६ दशमलव नौ) रहेको छ । त्यस्तै वागमती प्रदेशमा २८ दशमलव चार छ । उमेर जति घट्दै गयो, त्यति नै बच्चा जन्माउने दर घट्दै जान्छ । अहिलेको प्रजनन दर एउटा महिलाले १५ देखि ४९ वर्षका महिलाले सरदर उसको जीवनकालमा कति जना बच्चा जन्माउँछन् भनेर हेर्दा एक दशमलव ९४ जना बच्चा जन्माएको देखिन्छ । सरदर एउटा महिलाले दुई दशमलव एक (१० जना महिलाले २१ वटा बच्चा) जन्मायो भने रिप्लेसमेण्ट लेभलमा जान्छ ।

नेपालमा रिप्लेसमेण्ट लेभल भन्दा दर तल गएको छ । प्रजनन दर अहिले २ भन्दा पनि तल गएको अवस्था छ । राज्यले यस विषयलाई समयमा नै सम्बोधन गर्नुपर्ने निर्देशक लामिछानेले बताए ।

## मोटरसाइकल दुर्घटना हुँदा सिम्तामा एकको मृत्यु

**दुर्गा विसि**
**सिम्ता, २९ वैशाख ।**

चौरजहारी, नयाँ बजारमा लक्ष्मी मोबाइल सेन्टर सञ्चालन गर्दै आएका भुवन के.सी.शनिवार विहान दुर्घटनामा परी मृत्यु भएको छ । रुकुम पश्चिमको चौरजहारी नगरपालिका -४ निवासी २७ वर्षीय भुवन केसीको मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएको प्रहरीको भनाइ रहेको छ ।

वादेपिपल राकम स्थित प्रहरीले दिएको जानकारी अनुसार शनिबार बिहान सिम्ता गाउँपालिका-३ स्थित औलझ्याम काँक्रेतारा छिन्चु-जाजरकोट सडक खण्डमा नेपालगन्जतर्फ जाँदै गरेको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको क.प्र.-०३-००१प-०३७९ नं. को मोटरसाइकल एक आपसमा ठोक्किएका थिए ।

नेपालगन्जतर्फ जाँदै गरेको मोटरसाइकलका चालक समेत रहेका केसीको दुर्घटनामा परेर घटनास्थलमै मृत्यु भएको हो । मोटरसाइकल भेरी नदीमा खसेकाले अहिलेसम्म फेला परेको छैन । केसीको शव भने नदीको छेवैमा फेला परेको प्रहरीले जनाएको छ ।

कर्णाली प्रदेश ०३-००१ प ०३७९ नम्वरको मोटरसाईकल चालक बाँफिकोट गाउँपालिका वडा नम्वर ४ का ३० वर्षिय दिपक दाहाल र मोटरसाईकल ईलाका प्रहरी कार्यालय वादेपिपल राकम स्थित प्रहरीले कार्यालयको नियन्त्रणमा रहेको छ ।

मृतक के.सी.को मोटरसाईकल पछाडी वसेका चौरजहारी नगरपालिका वडा नम्वर ९ गुर्तालगाउँका १८ वर्षिय आषिस कुमार मल्ल र दाहाल सामान्य घाईते भएको बताईएको छ ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# कर्णालीको आम्दानी र संघीय बजेट

कर्णाली प्रदेशले पनि आफ्नो निति तथा कार्यक्रम बजेटका बारेमा सरकारले सरोकारवालासंग छलछल सुरु गरेको छ। मानव विकास सुचाङ्कमा अन्य प्रदेशको तुलनामा अन्तिममा रहेको कर्णाली प्रदेशको आन्तरिक आम्दानी न्यून छ। त्यसैले कर्णाली प्रदेश बजेटमा संघीय अनुदानकै भर पर्ने गरेको विगतका कार्यक्रम नीति, बजेट तथा कार्यक्रम हेर्दा हामी थाहा पाउछौं। संघीय सरकारले आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेटको अन्तिम तयारी गरिरहेको छ। जहाँ कर्णाली प्रदेश पनि पर्ख र हेर कै अवस्थामा रहेको छ। अरु प्रदेश जस्तो आफ्नै राजस्वको श्रोत, आम्दानीका अन्य आधार, कर उठ्ने अन्य श्रोत छैन्। अन्य प्रदेशको तुलनामा कर्णालीमा केही पनि छैन जुन प्रदेश संघीय बजेटकै मुख ताकेर नेताहरु आफ्नो नेतागिरीको जागिर खाईरहेका छन्।

कोरोना महामारीले थिलोथिलो पारेको विश्व लगायत नेपालको अर्थतन्त्र समेत अहिले बामे सर्ने अवस्थामा छ। यो अवस्थामा पनि देशलाई नितिगत रुपमा आफ्नो देशका कार्यक्रम आम नागरिकको आँखामा छोरो हाल्नलाई पनि नयाँ आवको नीति, कार्यक्रम ल्याउने तयारीमा छन्। प्रदेश र संघले आ-आफ्ना बजेट, नीति तथा कार्यक्रमको तयारी गरिरहेका छन्। जहाँ अरु प्रदेशले आफ्नो आम्दानी अनुसारको कार्यक्रम र बजेट ल्याउँछ तर कर्णालीसंग त्यस्तो कुनै आन्तरिक श्रोत छैन कि जसले आफ्नो छुट्टै कार्यक्रमको लागि आफ्नो बजेट विनियोजन गर्ने अवस्था छैन। कर्णाली त पुरै संघको बजेटको भर पर्ने भएकोले पनि यहाँका आम नागरिक या त नेतागणहरुलाई पनि कुनै उत्साह छैन कि आफ्नै श्रोतबाट कर्णालीले के के न गर्लान भन्नलाई। तर किन र कसरी भनेर प्रश्न गर्नेको समेत खाँचो छ कर्णालीमा किन ? के कर्णाली साँच्चै आन्तरिक श्रोत जुटाउन नसक्ने नै हो त ? यदि श्रोत छ भने खोजी कसले गर्ने ? नेता भनेको आम नागरिकले तिरेको करबाट यताउता मिलाएर लुटेर, धुतेर, नीति यता उता पारेर मिलाएर खानेमात्र काम हो त यिनको ? के यिनको सबै जयजयकार गर्ने मात्र जन्मिएका छन् ? यिनलाई खवरदारी गर्ने कोही जन्मिएका छैनन कि ? जन्मिएका पनि को मुखमा बुजो लगाईएको त होईन कतै ? बर्षौदेखि न्यायोचित बिकासको आशमा रहेको कर्णालीलाई संधैं केन्द्रदेखि प्रदेशसम्म मागिखाने भाँडो किन बनाएका छन् होला ? नेपालको औषत गरिवी १७ प्रतिशत हुँदा कर्णालीको गरिबी दर ३९ प्रतिशत छ किन ? कुल ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आयमा पनि कर्णाली सबैभन्दा अन्तिममा छ।

न निजि क्षेत्रको विकासमा यिनको केही दुरदृष्टी छ न त निजी क्षेत्रलाई व्यवहारिक रुपमा यिनीहरुले देशको खम्वा मानेका छन् ? छन् त केवल निजि क्षेत्रलाई लुटेराको समूह र आफ्नो लागिमात्र सोचेका छन्। संघको बजेटमा कर्णालीको निजी क्षेत्रको उचित सुनुवाई र ठूला विकास निर्माणका आयोजनामा संघका तर्फबाट कर्णालीको लागी पूर्वाधार बिकास नै बिकासको मूल मर्म हो भन्ने हिसावको कार्यक्रम बन्ला त ?

गरिबिको उच्च रेखामूनी रहेको कर्णालीको लागि केन्द्रले संधै बजेट पठाईदिएर दयाको भावले हेरेर बिकास र निकास हुनेवाला छैन। यहाँ त आन्तरिक राजस्वको बृद्धि र यहाँ सम्भावना रहेका उद्योग कलकारखाना खोल्नलाई सहुलियत कर्जा, राजश्व छुट सुविधाको व्यवस्था लागायतका कुरामा संघ सरकारका तर्फबाट नितिगत रुपमै सहजीकरण गरेमा कर्णालीका लागी भनेर संघ सरकारले दानका रुपमा या दयाका रुपमा हेरेर बिलो छुट्याउन प्रबृत्तिको अन्त्य हुनुपर्छ। र कर्णालीको अथाह सम्भावनाको पहिचान गरेर त्यसलाई व्यवहारिक रुपमा लागु गर्ने पारदर्शि कार्यका लागी संघका तर्फबाट र प्रदेश सरकारका तर्फबाट तदारुकताका साथ ईमानदारितापूर्वक गरेमा कर्णालीले संघको मुख ताक्ने प्रबृत्तिको अन्त्य होस्।

## विश्व

# आइएमएफद्वारा पाकिस्तानी अर्थतन्त्रमा उच्च गिरावटको चेतावनी




**रासस, २९ वैशाख**

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले पछिल्लो रिपोर्टमा उच्च नकारात्मक जोखिमलाई उजागर गर्दै पाकिस्तानको आर्थिक भविष्यका बारेमा कडा चेतावनी जारी गरेको छ। नयाँ दीर्घकालीन कार्यक्रममा पाकिस्तानी सरकार र आइएमएफबीच वार्ता हुनुअघि जारी गरिएको प्रतिवेदनले देशको स्थिरता र यसले सामना गर्ने चुनौतीको चिन्तालाई जोड दिएको छ। आइएमएफ स्टाफ रिपोर्टअनुसार नकारात्मक जोखिम उच्च छन्। नयाँ सरकारले एसबिए (स्ट्यान्डबाई व्यवस्था) नीतिहरू जारी राख्ने सहानुभूति देखाएको भए पनि राजनीतिक अनिश्चितता महत्त्वपूर्ण छ।

आइएमएफले नीति निर्माणमा गहिरो प्रभाव पार्ने जीवनयापनको उच्च लागत र अन्य राजनीतिक जटिलतालाई ध्यानमा राख्दै अघि बढ्नुपर्ने चेतावनी जारी गरेको छ।

बाह्य वित्तपोषणमा कमी आएसँगै नीतिगत गिरावटले ऋण दिगोपनतर्फको पाकिस्तानी प्रगतिलाई पछाडि हटाई विनिमयदरमा दबाब दिन सक्ने आइएमएफले चेतावनी दिएको छ।

यसबाहेक, बाह्य स्थिरता वस्तुको उच्च मूल्य, ढुवानी अवरोध र कडा विश्वव्यापी वित्तीय अवस्थाजस्ता कारक खतरामा भएकाले राष्ट्रको वित्तीय चुनौतीलाई बढाउन सक्ने डन पत्रिकाले जनाएको छ। वर्तमान परिस्थितिलाई जोड दिँदै आइएमएफले कार्यक्रमपछिको बाह्य वित्तपोषणको समयमै वितरणको महत्त्वलाई जोड दिन्छ। पाकिस्तानले हालै तीन अर्ब डलरको कार्यक्रम सम्पन्न गरेको छ भने प्रधानमन्त्री शाहबाज सरिफले आर्थिक समस्यालाई सम्बोधन गर्न दीर्घकालीन व्यवस्थाको आवश्यकतालाई जोड दिएका छन्।

गत वर्षको गर्मीमा डिफल्ट हुन मुस्किलले बचेपछि त्यसयता पाकिस्तानको अर्थतन्त्र स्थिर भएको छ र मुद्रास्फीति मेमा ३८ प्रतिशतको उच्च रेकर्डबाट अप्रिलमा करिब १७ प्रतिशतमा झरेको छ। यद्यपि, उच्च वित्तीय स्थिरताले गर्दा चुनौती जारी छन्। यो गत वर्षको नकारात्मक वृद्धिको तुलनामा यस वर्ष करिब दुई प्रतिशत कमी हुने अनुमान गरिएको छ।

चुनौतीलाई सम्बोधन गर्न पाकिस्तानले आइएमएफबाट कम्तीमा ६ अर्ब डलर मागसहित लचिलोपन र स्थिरता ट्रस्टअन्तर्गत कोषबाट थप वित्तपोषणको अनुरोध गर्ने अपेक्षा गरिएको डनले जनाएको छ।

# नेपालको सत्ता-सङ्कट र चुच्चे नक्साको तरङ्ग !



✍ डा. केशव देवकोटा



> यस्तो अवस्थामा अर्थमन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषदको बैठकले सय रुपैयाँको नोटमा चुच्चे नक्शा प्रयोग गर्ने निर्णय गरेपछि विवाद निक्कै गहिरिएर जाने देखिएको छ।

नेपालमा फेरि एकाएक सत्ता-सङ्कटको अवस्था देखिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले गत फागुन २१ गते काङ्ग्रेससहितको नौदलीय सत्ता गठबन्धन परिवर्तन गर्नुका साथै एमालेसहितको पाँचदलीय सत्ता समीकरण र सोअनुसारको मन्त्रीपरिषद पुनर्गठन गर्नुभएपछि शुरु भएको विवाद अझै साम्य हुनसकेको छैन। संसदको वर्षे अधिवेशन यही वैशाख २८ गतेबाट बस्ने भएपछि दलहरूका बीचमा चलखेल ब्यापक बढेर गएको छ। त्यसलाई साम्य पार्न प्रतिनिधिसभामुखले आयोजना गरेको शीर्ष बैठक पनि त्यति उपलब्धिपूर्ण भएन।

प्रधानमन्त्री दाहालले सहकारी घोटालाका बारेमा छानविन समिति बनाउने काङ्ग्रेसको मागलाई सम्बोधन गर्न सर्बदलीय बैठक गर्ने र बैठकको सहमतिमा सो समिति बनाउन गरेको प्रस्तावलाई काङ्ग्रेसका नेताहरूले इन्कार गरेको बुझिन्छ। काङ्ग्रेसले सहकारी ठगी प्रकरणमा मुछिएका गृहमन्त्री रवि लामिछानेमाथि नै संसदीय छानबिन केन्द्रित गर्नेगरी समिति बनाउनुपर्ने अडान लिएका कारण सरकार असहज अवस्थामा पुगेको देखिन्छ। खासमा काङ्ग्रेसको प्रयास विभिन्न सहकारीका घोटालाहरूको छानविन गराउनेमा भन्दापनि रवि लामिछानेलाई गृहमन्त्रालयबाट हटाउनेमा केन्द्रित रहेको देखिएको छ।

काङ्ग्रेसको मुख्यतः शेरबहादुर देउवा समूहले रवि लामिछानेलाई गृहबाट हटाउने प्रयास गर्नुमा यसअघि काङ्ग्रेसका गृहमन्त्री रहेको समयमा भएका निर्णयहरू हुन्, जहाँ ठूलो घोटाला र गलत निर्णयका फेहरिस्त रहेको ठानिन्छ। काङ्ग्रेसले यसअघिका गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पनि सो मन्त्रालयबाट बिस्थापित गराउन अनेक प्रयास गरेका विवरणहरू बाहिर आएका थिए। पछिल्लो समयमा अर्थ र गृहमन्त्रालय साटफेर गर्ने कुराहरू पनि उठेका थिए। गत मंसिरबाटै एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललाई प्रधानमन्त्री बनाएर सत्ता गठबन्धनमा हेरफेर गर्ने प्रयास थालिएको धेरैले अनुभव गरेका थिए। त्यसमा काङ्ग्रेसले समर्थन गर्नासाथ प्रम दाहालले फागुन २१ को हेरफेर गर्नुभएको देखिएको छ।

नेपाली कांग्रेसको देउवा समूहको प्रम दाहालप्रति हालसम्म पनि कुनै विमति देखिएको छैन। गत फागुन २१ यता काङ्ग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री दाहालका बीचमा पटक-पटक अन्तरंग वार्ताहरू भइरहेका छन्। फागुन २१ पछि देउवा र दाहाललाई जोडाउने भूमिकामा एकीकृत समाजवादीका अध्यक्ष नेपाल देखिनुभएको थियो। तर प्रम दाहालले तत्काल एमालेलाई फेरि सत्ता समीकरणबाट हटाउन नमानेपछि नेपालले काङ्ग्रेसको सहयोगमा जसरी पनि वर्तमान सरकार ढाल्ने रणनीति बनाएको देखिएको थियो। तर जसपा गत २३ गते विभाजन भएको र एकीकृत समाजवादी पनि विभाजित हुने संकेत देखिएपछि माधव नेपाल केही पछाडि हट्नुभएको छ। उहाँले आफ्नो पार्टीका बैठकहरू नै पर सार्नुभएको छ।

यतिबेला काङ्ग्रेसको देउवा समूहको अभियान एमालेलाई फेरि सत्ताबाट हटाएर आफूहरू गृहलगायतका महत्वपूर्ण मन्त्रालयसहित सरकारमा जानेमा केन्द्रित छ। पछिल्लो समयमा त्यस्तै परेमा नेपाली कांग्रेस समेत विभाजित हुनसक्ने अवस्था रहेको छ। रास्वपा पनि विभाजनका कुराले तर्सिएको छ। नेपालको सत्ता-संकटका पछाडि चीन, भारत र अमेरिकालगायतका पश्चिमा राष्ट्रहरूको खेलसमेत जोडिएको छ। माओवादी केन्द्रका नेताहरूको चीन र अमेरिकाको निरन्तर दौडले उपरोक्त कुराको पुष्टि पनि गरेको छ।

पछिल्लो समयमा भारतीय लबीलाई पछाडि पार्नेगरी सरकार पुनर्गठन गरिएपछि भारतीय शक्तिकेन्द्रहरू वर्तमान प्रधानमन्त्रीप्रति असन्तुष्ट भएको देखिन्छ। गत सातामात्र विभिन्न किसिमका भारतीय अधिकारीहरू नेपाल आएर प्रधानमन्त्री दाहालको राय बुझ्ने काम गरेका थिए। त्यसक्रममा भारतका नियन्त्रक एवं महालेखा परीक्षक गिरीशचन्द्र मुर्मूले काठमाडौं आएर प्रम दाहाल लगायतसँग भेट गर्नुभएको थियो। त्यसक्रममा उहाँले नेपालको महालेखासँग सहकार्यको प्रस्ताव गर्नुभयो। त्यो भनेको भारतीय पक्ष नेपालको आम्दानी खर्च र आर्थिक अवस्थाको जानकारी लिने प्रयासमा रहेको देखिएको थियो। भेटघाटमा नेपाल र भारतका लेखा परीक्षणका क्षेत्रमा क्षमता अभिवृद्धि र अनुभव आदान-प्रदानलगायतका विषयमा छलफलहरू भएका भनिएको थियो।

त्यसक्रममा नेपालका महालेखापरीक्षक तोयम राया र भारतीय नियन्त्रक तथा महालेखा परीक्षक गिरीशचन्द्र मुर्मूबीच पनि अन्तरंग भेटवार्ता भएको थियो। गत साता बिहीबार भएको उक्त भेटघाटका क्रममा सार्वजनिक लेखा परीक्षणको क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षरसमेतभएकोनेपालस्थितभारतीयदूतावासले जनाएको थियो।

त्यसैगरी गत साता नै भारतीय सेनाका मेजर जर्नेल विक्रान्त विलाश नायक नेपाल आएको भनिएको थियो। उहाँ मुम्बई हुँदै काठमाडौं आइपुग्नुभएको कुरा गुपचुप राखियो। गत साता नै भारतका प्रधानन्यायाधीश डा. धनञ्जय यशवन्त चन्द्रचुड नेपाल भ्रमणमा आउनुभएको थियो। उहाँले पनि प्रम दाहाल लगायतसँग भेट गर्नुभयो। चन्द्रचूडको भ्रमणकाक्रममा नेपाल र भारतको न्यायिक क्षेत्रबीच एउटा समझदारीपत्रमा हस्ताक्षर हुने, जसले नेपालका लागि धेरै सम्भावना खोल्ने दाबी गरिएको थियो।

दुई देशका अदालतका बीचमा न्यायिक अध्ययनसहित कर्मचारी, बार र अन्य पक्षमासमेत सहकार्य हुने बाटो उक्त एमओयूले खोल्ने भनिएको थियो। गत बिहीबारको मन्त्रिपरिषद्को बैठकले त्यस्तो समझदारी गर्नका लागि सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार वा रजिष्ट्रारलाई स्वीकृति दिने निर्णय समेत गरिसकेको थियो। तर अन्तिम समयमा चन्द्रचुड त्यस्तो सहमतिमा हस्ताक्षर नगरी भ्रमणका अन्य कार्यक्रमलाई समेत छोट्याएर स्वदेश फर्कनुभएको थियो।

यसरी तारन्तार विभिन्न भारतीय अधिकारीहरू नेपाल आएको घटनाले धेरैलाई चनाखो बनाएको छ। नेपाल र भारतबीच कतिपय विषयमा भित्रभित्रै सहमति गर्ने/गराउने प्रयास त भैरहेको छैन भन्ने प्रश्नहरू पनि उठेका छन्। त्यसअघि एमालेलाई दोश्रोपटक सरकारमा लानुअघि गत फागुनमा सो पार्टीका अध्यक्ष केपी ओलीसँग भारतीय गुप्तचर संस्था 'रअ'का तत्कालीन प्रमुख सामन्त गोयलसँग ०७८ जेठमा भएको चारबुँदे सहमतिको चर्चा गरिएको थियो। तर सो चारबुँदे सहमति के थियो भन्ने हालसम्म खुलेको छैन।

भारतका प्रधानन्यायाशीशको फिर्तीलगत्तै गत शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले सय रुपैयाँको नोटमा लिपुलेक, लिम्पियाधुरा र कालापानीसहितको चुच्चे नक्शा समावेश गर्ने निर्णय गरेपछि नेपाल र भारतबीचको माहोल पुनः तातेको महसूस गरिएको छ। सरकारको सो निर्णयले नेपालमा राजनीतिक सङ्कट उत्पन्न हुनसक्ने कूटनीतिक मामिलाका जानकारहरूले आँकलन गर्न थालेका छन्। नेपालले चुच्चे नक्सासहितको नोट जारी गर्न लागेकोमा भारतले तत्काल असन्तुष्टि व्यक्त गरेको छ। भारतीय विदेशमन्त्री एस जयशंकरले नेपालको एकपक्षीय निर्णयले अवस्था नबदलिने बताउनुभएको छ। गत शनिबार भारतको ओडिशाको भुवनेश्वरमा आयोजित एक पत्रकार सम्मेलनमा भारतीय विदेशमन्त्री जयशंकरले स्थापित संयन्त्र हुँदाहुँदै पनि नेपालले एकतर्फी निर्णय गरेको आरोप लगाउनुभएको थियो।

ज्ञातव्य छ, नेपालले २०७७ जेठ ७ गते उक्त चुच्चे नक्सा सार्वजनिक गरेको थियो, जसमा नेपालको नक्शामा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको थियो। त्यतिबेला नेपाल सरकारले सुगौली सन्धिअनुसार कालीनदीपूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटेर नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्शा लागू गरेको भनिएको थियो। त्यतिबेला पनि भारतीय अधिकारीहरूले त्यसप्रति विमति जनाएका थिए।

तर, त्यसपछिका सरकारहरूले सो नक्शाबारे छिमेकी भारत र चीनलाई मात्र नभएर संयुक्त राष्ट्रसंघलाई समेत जानकारी नदिएको रहस्य खुलेको छ। प्रम दाहालको गत चीन भ्रमणका क्रममा चिनियाँ अधिकारीहरूले समेत नेपालको चुच्चे नक्शाका बारेमा अनभिज्ञता प्रकट गरेका थिए। यस्तो अवस्थामा अर्थमन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषदको बैठकले सय रुपैयाँको नोटमा चुच्चे नक्शा प्रयोग गर्ने निर्णय गरेपछि विवाद निक्कै गहिरिएर जाने देखिएको छ। यसले भारतीय सीमा क्षेत्रमा नेपाली नोटको प्रचलनमा प्रतिबन्ध लाग्न सक्ने अवस्थासमेत देखिन्छ।

माओवादी केन्द्रको हालै भएको संसदीय दलको बैठकमा प्रम दाहाल स्वयंले एकीकृत समाजवादीभित्रको द्वन्द्वका कारण समीकरण भत्काउने कोशिस भइरहेको बताउनुभएको थियो। एमालेका अध्यक्ष ओलीले पनि समीकरण भत्काउने षड्यन्त्रमा देशी/विदेशी शक्ति लागेको बताउँदै आउनुभएको छ। अर्कातिर राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले प्रधानमन्त्री दाहालले विदेशीहरूको दबाबमा सत्तासमीकरण परिवर्तन गर्दै हिँडेको आरोप लगाउनुभएको छ। यस्तो अवस्थामा देशमा कुनैपनि बेला अकल्पनीय राजनीतिक घटना हुनसक्ने संकेतहरू देखिएका छन्। ०७९ मंसिर ४ को जनादेशविपरीत सरकार गठन गरेर शुरु भएको विवाद र राजनीतिक संकटले चर्को रुप लिने अवस्था छ। जसको समाधानका लागि काङ्ग्रेस, एमाले र माओवादी केन्द्रको शीर्ष नेतृत्वले तत्काल छलफल गरी सहमति कायम गर्न सक्नुपर्छ।

*(घटना र विचार)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ। पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन्। प्रेम जीवन पनि सफल रहनेछ। |
| वृष | आज आँटेको र ताकेको कार्य पुरा होला। प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। |
| मिथुन | आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ, तर प्राविधिक विषयमा बढी सफलता मिल्नेछ। सामाजिक क्षेत्रबाट मान मिल्नेछ। |
| कर्कट | आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला। अल्छीपना पनि बढ्नेछ। |
| सिंह | आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनसक्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| कन्या | बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। रमाइलो र टाढाको यात्राको सम्भावना समेत छ। |
| तुला | समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। छोटो दुरीको लाभदायी यात्रा हुनेछ। अरुलाई प्रभावित पारेर काम पनि बन्ला। |
| वृश्चिक | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ। काम बिगार्नेको सक्रिय रहने देखिन्छ। नियमित खर्चसमेत बढ्ने योग छ। |
| धनु | आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ। बन्दव्यापार र साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ। साङ्गीतिक क्षेत्रमा रुचि बढ्नेछ। |
| मकर | आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। भाग्यले साथ दिनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। शिक्षामा पनि सफलता पाइएला। |
| कुम्भ | लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ। अरूको भर नपरी निर्णय लिन सके थप अवसर प्राप्त होला। स्वादिष्ट भोजन पनि पाइएला। |
| मीन | मन खिन्न हुने स्थिति आउनेछ। मालसामान हराउन सक्छ। आफूलाई कमजोर भएको अनुभूति हुनेछ, तर वैदेशिक क्षेत्रको काम बन्नेछ। |

# रारामा रिसोर्ट बन्ने भएपछि कर्णालीको पर्यटनमा विकासको अपेक्षा

**युग संवाददाता**
**सुर्खेत, २९ वैशाख ।**

मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिकास्थित नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य रारा ताल क्षेत्रमा 'रारा रिसोर्ट' निर्माण हुने भएपछि मुगुवासी हर्षित बनेका छन् ।

भर्खरै सकिएको तेस्रो लगानी सम्मेलनमा रारामा बन्ने पहिलो लक्जरी रिसोर्टका लागि अष्ट्रेलियन ग्रुप्रले लगानी गर्ने गरी सम्झौता भएपछि सो क्षेत्रका बासिन्दामा खुसी भएका हुन् । अष्ट्रेलियन एक्सपर्ट ग्रुप्रसँग रारा रिसोर्ट निर्माणका लागि साझेदारी गरेको रारा होल्डिङ प्रालिले मुगुका स्थानीयवासी, राजनीतिक दलका नेता तथा जनप्रतिनिधिसँग गरेको अन्तर्क्रियामा त्यहाँका बासिन्दा रारामा वैदेशिक लगानी भित्रिन लागेकोमा खुसी भएका हुन् ।

स्वर्गकी रानीको उपमा पाएको नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य रारा ताल क्षेत्रमा नेपालमा जन्मेर लामो समय अष्ट्रेलियामा बस्दै आएका बद्री अर्याल र सञ्जीव शर्माले एक्सपर्ट ग्रुप्रमार्फत लगानी भित्र्याएका हुन् । तेस्रो नेपाल लगानी सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ र सचिव दीपक काफ्लेको उपस्थितिमा रारा रिसोर्टमा लगानी गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो ।

पूर्वराज्यमन्त्री हस्तबहादुर मल्ल रारा रिसोर्टले मुगुमात्र नभई समग्र कर्णाली प्रदेशकै विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । "उक्त रिसोर्टलाई समयमा नै सम्पन्न गर्नका लागि स्थानीयवासीलाई समेटेर अगाडि बढ्न जरुरी छ", उनले भने । रारा क्षेत्रमा राष्ट्रिय निकुञ्जसमेत रहेकाले राष्ट्रिय निकुञ्जभित्रको ऐन, कानुनलाई समेत समावेश गरेर अगाडि बढ्नुपर्ने उनले सुझाव दिए ।



नेकपा (एमाले) मुगुका पूर्वजिल्ला अध्यक्ष डम्बरबहादुर रावल मुगुको पर्यटन क्षेत्रको विकासका लागि विदेशी लगानी भित्रिन लागेकोमा खुसी व्यक्त गरे । "मुगुको विकासका लागि रारा रिसोर्ट निर्माण हुन लागेको छ भन्ने आम मुगुपासीलाई अनुभूति दिलाउन जरुरी छ", उनले भने ।

नेपाली कांग्रेस मुगुका नेता खगेन्द्र मल्ल मुगुमा नयाँ रिसोर्ट बन्दै गर्दा यहाँ काम गर्ने कामदारदेखि निर्माण सम्पन्न भएपछि रिसोर्टमा काम गर्ने जनशक्तिमा मुगुलाई प्राथमिकता दिनुपर्ने बताए । "विकासमा राजनीति गर्न हुँदैन, यहाँ पर्ने अप्ठेरालाई सहजीकरण गर्न स्थानीय क्षेत्रका बासिन्दा भएकाले हामी सहयोग गर्छौं", उनले भने ।

मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्यान्पे लामा रारा क्षेत्रमा आएका पर्यटकलाई छाँयानाथसम्म लैजान सके मुगु जिल्लाको पर्यटन क्षेत्रले गति लिने बताए । रिसोर्ट निर्माणमा स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

रारामा रिसोर्ट निर्माण गर्न लागेको नेपाली कम्पनी रारा होल्डिङस् प्रालिका सञ्चालक अभिषेक विक्रम शाह रारा क्षेत्रमा जतिसक्दो धेरै पर्यटक लगेर रारामात्र नभई समग्र कर्णाली क्षेत्रको पर्यटक विकासका लागि 'रारा रिसोर्ट' निर्माण गर्न लागिएको बताए ।

"म कर्णाली क्षेत्रकै बासिन्दा हुँ, कर्णालीको पर्यटन क्षेत्रको विकासका लागि मैले केही गर्नुपर्छ भनेर उक्त परियोजना अगाडि सारेको हुँ, यसलाई सफल बनाउन सबैको साथ र सहयोग आवश्यक छ", उनले भने ।

मुगुको छायानाथ रारा नगरपालिका, मुर्माटपमा ८० रोपनी क्षेत्रफलमा बन्ने लक्जरी रिसोर्टमा पहिलो चरणमा करिब रु ७० करोड लगानी हुने बताइएको छ । रिसोर्ट वातावरणमैत्री र स्थानीय संस्कृति झल्किने नेपाली डिजाइनमा निर्माण गरिने र स्थानीयस्तरमा उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग हुने शाह बताए ।

समुद्र सतहदेखि तीन हजार सात सय मिटर उचाइमा निर्माण हुने यो रिसोर्टबाट रारा ताल र त्यस क्षेत्रका हिमालको मनमोहक दृश्य देख्न सकिन्छ । "यो परियोजना कर्णाली प्रदेशकै पहिलो लक्जरी रिसोर्ट हो, परियोजना निर्माण सुरु गर्नका लागि सबै प्रक्रिया लगभग अन्तिम चरणमा पुगेका छन्, मुगुवासी सबैसँगको छलफल र सहकार्यमा यस परियोजनालाई आगामी १८ देखि २२ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएका छौँ", शाहले भने ।

आयोजनामा दोस्रो चरणमा ४० करोड लगानी थप हुने निर्माण कम्पनीले जनाएको छ । एक्सपर्ट ग्रुप्रले अष्ट्रेलिया र नेपालमा शिक्षा र जलविद्युत्का क्षेत्रमा लगानी गर्दै आएको छ ।

*(रासस)*

# आरन पेसा गर्ने घटे

**गोल्डेन बुढा**
**जुम्ला, २९ वैशाख ।**

जुम्लाको पातारासी गाउँपालिक-५ लासी बजार छेउमा काठले बार लगाएको एउटा सानो छाप्रो छ । त्यही छाप्रोमा बिहानदेखि साँझसम्म दैनिक जसो भेटिन्छन् ५६ वर्षीय निलो कामी । उनी एक हातले घन र अर्को हातले पत्ता घुमाइ रहन्छन् ।

उनको दैनिकी कोइला र हथौडाबाट सुरु हुन्छ । उनको आम्दानीको स्रोत यही मेसिन हो । उनको स्थायीको घर उक्त गाउँपालिका-३ तल्फी गाउँमा हो । उनी गाउँपालिकाको सदरमुकाम लासी बजारमा छाप्रोको भाडा तिरेर बस्छन् । कामी कृषि औजार र घरायसी औजारका विभिन्न भाँडाकुँडा बनाउँछन् । बुबा बाजेबाट भाँडाकुँडा बनाउन सिक्केका उनले आरन व्यवसाय सञ्चालन गरेको ४२ देखि ४३ वर्ष पुरानो भयो ।

एक दशक अघिसम्म उनलाई कामले फुर्सद हुँदैनथ्यो । अहिले ग्राहक आउन छाडे । किसानहरू फाट्टफुट्ट फलामे सामान मर्मत र नयाँ बनाउन आउँछन् । ग्राहक नै घटेपछि पछिल्लो समय कतिपयले आरन पेसा नै छाडेका छन् ।

"यसै पेसाबाट जसोतासो घरखर्च चल्दै आएको छ", निलोले भने । आरन पेसा अपनाउँदै आएका कामीले बिगतमा निकै दुःख खेप्नु परेको बताउँछन् । केही वर्ष अघिसम्म फलामको काम गर्दा अन्न मात्र दिने गरेकामा पछिल्लो समय त्यसवापत उनले नगद पाउँछन् । यही पैसोले उनले छोराछोरीको लत्ताकपडा किन्ने गरेका छन् । "छोराहरुले यो पेसालाई अपनाउन चाहँदैनन्, अब पेशा सङ्कटमा पर्ने चिन्ता छ", उनी भन्छन् । आरन व्यवसाय सङ्कटमा परेको छ । "बजार अभाव छ, त्यसैले आरन व्यवशाय गाउँघरबाटै हराउँदै गएको छ", स्थानीय भक्तबहादुर बुढाले भने । परम्परागत घरेलु हस्तकलाका सामग्रीको प्रयोग कम हुनुका साथै मेहनत गरेअनुसारको मूल्य नपाउँदा पनि यो पेसा विस्तारै लोप हुँदै गएको छ ।

अर्का आरन व्यवसायी तुला कामी यही पेसालाई आधुनिक ढङ्गले व्यावसायिक रुपमा अघि बढाउन सके स्थानीय स्रोतसाधनको प्रयोगबाटै गाउँघरमा रोजगारी सिर्जना गर्न सकिने बताउँछन् । "अहिलेका युवाको यो पेसाप्रति चासो छैन", उनले भने ।

पहिला-पहिला गाउँघरमा आरन व्यवसाय गर्नेको सङ्ख्या उल्लेख्य थियो । भाँडाकुँडा बनाउन कोइलाको प्रयोग गरिन्छ । अहिले दाउराको पनि अभाव हुन थालेको छ । स्थानीय जोर कामी भन्छन्, "मैले सानै उमेरदेखि बुबा र बाजेले काम गरेको देखेर सिकेको हुँ, अहिलेका पुस्ताले सिक्न चाहँदैनन्, सिकेर खेर जाँदैन, यसबाट पनि पैसो कमाउन सकिन्छ", उनले भने । दस जनाको परिवारको खर्च आरन पेसाबाटै चलाएको उनले बताए ।

**बीस ट्राफिक नियमको पालना गरौं ।**

- हतार गरी सवारी साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं ।
- सडकमा ध्यान केन्द्रित गरेर मात्र सवारी साधन चलाऔं ।
- सवारी चलाउँदा मोबाईल फोनको प्रयोग नगरौं ।
- सवारी साधन चलाउँदा आवश्यक कागजात सधैं साथमा लिएर हिँड्ने गरौं ।
- बिच सडकमा सवारी रोकी अरू सवारी साधनलाई बाधा नपुऱ्याऔं ।

*सवारी साधन सुरक्षित रूपले चलाउनुहोस्, घरमा तपाइलाई तपाइको परिवारले पर्खीराखेका छन् ।*

नेपाल सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# स्थानीय तहको आफ्नै लगानीमा साक्षरता कार्यक्रम विस्तार

**युग संवाददाता**
**सल्यान, २९ वैशाख ।**

प्रारम्भिक कक्षाका बालबालिकामा पठनसीप र पढ्ने बानीको विकासका लागि प्रभावकारी मानिएको साक्षरता कार्यक्रमलाइ सल्यानका स्थानीय तहले आफ्नै लगानिमा संचालन सुरु गरेका छन् । जिल्लामा उदाहरणीय बनेको साक्षरता कार्यक्रम दुई स्थानीय तहले विस्तार गर्ने भएका हुन् ।

यस अघि रुम टु रिड संगको साझेदारीमा संचालित कार्यक्रमलाई जिल्लाको शारदा नगरपालिका र बागचौर नगरपालिकाले बिस्तार गर्ने भएका हुन । कार्यक्रम अन्तर्गत प्रारम्भिक कक्षाका बालबालिका हरुमा बालमैत्री बसाइ ब्यबस्थापन, बालमैत्री पुस्तकालय, शिक्षक तालिम, पढाइ बिकास सामाग्री सहयोग जस्ता क्रियाकलाप र कार्यक्रम बिद्यालयमा संचालन हुनेछन् ।

शान्त वातावरण तथा कक्षा कोठा व्यवस्थापन संगै बालबालिकाले खेल्दै, गाउंदै पढ्ने गर्दा राम्रो प्रभाव देखिने भएकाले आफ्नो नगरपालिकाको थप बिद्यालयमा साक्षरता कार्यक्रम विस्तार गर्न लागिएको शारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारीले जानकारी दिए । श्रीनगरमा शनिबार प्रशिक्षक प्रशिक्षण तालिमको समापन कार्यक्रममा बोल्दै उनले सिक्नका लागि विद्यार्थीलाई उपयुक्त वातावरण र शिक्षकका लागि क्षमता विकास आवश्यक रहेको बताए ।

शारदा नगरपालिका र बागचौर नगरपालिका का १३ जना प्रशिक्षक लाई रुम टु रिडको प्राविधिक सहयोग तथा मानव संसाधन बिकास केन्द्र, सुर्खेतको सहकार्यमा प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिएको हो । गत मंगलबार देखि शनिबार सम्म एकीकृत पाठ्यक्रममा आधारित प्रारम्भिक कक्षामा पठन सीप विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिएको हो । तालिमसंगै अब दुबै स्थानीय तहमा प्रारम्भिक कक्षा १ र २ मा पढाउने शिक्षकहरुलाई सिकाइ सहजीकरणमा सहयोग पुर्याउने अपेक्षा छ । तालिम समापन कार्यक्रममा बागगचौर नगरपालिका शिक्षा प्रमुख चित्रा बस्नेतले नगरपालिकाले अपनत्व लिएर पठन सिपको कार्यक्रम अगाडि बढाउन लागेकोले नगरभित्रका सबै बिद्यालयमा पुर्याउन पहल गर्ने बताइन । रुम टु रिडका कार्यक्रम ब्यबस्थापक खड्ग कुवरले साक्षरता कार्यक्रमलाई आफ्नो पालिकाको योजनामा राखी मुलप्रबाहिकरण गर्न आग्रह गरे । उनके स्थानीय तहको शैक्षिक बिकासमा रुम टु रिडले प्राबिधिक सहयोग गर्न सधै तयार रहेको बताए ।

आफुले प्रशिक्षण सीप राम्रो संग सिक्न पाएकोले नगरपालिकालाई प्रशिक्षण कार्यमा सहयोग गरेर शैक्षिक बिकासमा योग्दान पुर्याउन तयार रहेको प्रशिक्षणमा सहभागी शिक्षकहरुको भनाइ छ । सो अवसरमा शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटाले सहभागीलाई प्रमाणपत्र बितरण गर्दै सिकेको सिपलाइ बिद्यालयमा उपयोग गर्न अनुरोध गरेकी थिइन ।

## म्याराथनको...

सहयोग, केएल दुगड ग्रुरुपको ज्ञान खाद्यान्नको टाइटल स्पोन्सरमा रेस नेपालले प्रतियोगिता आयोजना गरेको थियो ।

म्याराथनको व्यवस्थापन क्रियटिभ गन्ज मिडिया एन्ड इभेन्ट म्यानेजमेन्टले गरेको थियो । दौड संस्कृतिको विकाससँगै पर्यटन प्रवर्द्धन गराउने इभेन्टका रूपमा स्थापित गराउने तथा आसन्न १० औँ राष्ट्रिय खेलकुदको प्रवर्द्धन गर्ने गरी कर्णाली हाफ म्याराथन आयोजना गरिएको हो ।

**समयलाई चिने मात्र लक्ष्यमा पुगिन्छ : मुख्यमन्त्री कँडेल**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले समयलाई चिनेर दौडिए मात्र लक्ष्यमा पुग्न सकिने बताएका छन् । सुर्खेतको वीरेन्द्रनगरमा रेस नेपालले शनिबार आयोजना गरेको कर्णाली हाफ म्याराथन प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुद मात्र नभई हरेक ठाउँमा समयलाई चिनेर दौडिएमा मात्र सही गन्तव्यमा पुग्न सकिने बताएका हुन् ।

कर्णालीमा हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै समयमै सम्पन्न गर्न दबाब स्वरुप यो प्रतियोगिताको आयोजना भएको आफूलाई लागेको मुख्यमन्त्री कँडेलले बताए । कर्णालीको विकासलाई माग आकांक्षाभन्दा पनि स्रोतसाधनको उपलब्धताका आधारमा कार्ययोजना बनाएर काम गरिने उनको भनाइ छ ।

त्यस्तै, सामाजिक विकासमन्त्री बीरबहादुर शाहीले १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताले कर्णालीलाई चिनाउने अभियानका लागि सुनौलो समय भएको बताए । कर्णालीले पनि खेलकुदमा भारी मात्रामा काम गर्न लागेको छ भन्ने सन्देश दिएको उनको भनाइ छ ।

# विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउन माग

**युग संवाददाता**
**काठमाडौँ, २९ वैशाख ।**

विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउने विषयमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएकामा नेपाल विद्यालय कर्मचारी परिषद्ले चिन्ता व्यक्त गरेको छ ।

परिषदको चौथो राष्ट्रिय भेलाको अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग भएको सहमति कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गराएको हो । गत जेठ ५ गते राष्ट्रपतिबाट चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बुँदा नं १७ मा 'सामुदायिक विद्यालयका कार्यरत विद्यालय कर्मचारीको सेवा सुविधा सम्बोधन गरिनेछ' भन्ने उल्लेख भएकामा बजेट प्रस्तुतिका क्रममा सो कार्यक्रम हटाइएको र प्रतिबद्धताबमोजिम हालसम्म महँगी भत्ता नपाएको परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले गुनासो गरे ।

भेलामा नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सेवासुविधाका दृष्टिले विद्यालय कर्मचारी र प्रारम्भिक विकासका शिक्षक बढी अन्यायमा परेको स्पष्ट पारे । उनले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० लाई सहमतिका आधारमा छिटो पारित गराउन माग गरे । परिषद्का महासचिव शान्तिनाथ योगीले विद्यमान शिक्षा ऐनमै विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्न व्यवस्था भए पनि हालसम्म कार्यान्वयन नहुनु दुखद भएको बताए ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, शर्त, सुविधा उल्लेख गरी कार्यान्वयन गर्न भने पनि कार्यान्वयन भएको छैन । हाल विद्यालयका लेखापालले मासिक १३ हजार पाँच सय र कार्यालय सहायकले आठ हजार पारिश्रमिक पाउँदै आएका छन् । कार्यक्रममा शिक्षाका विषयमा कलम चलाउँदै आएको प्रकाश सिलवाल, खबरएजुकेसन डटकमका लक्ष्मीप्रसाद ढकाल, एजुकेशन प्लस डटकमका रमेश लामिछाने र हिमाल प्रेस डटकमका रमेश दवाडीलाई सम्मान गरिएको थियो ।

## घट्दै...

मृत्यु भयो भनेर हेर्ने हो भने एक वर्ष नपुग्दै मृत्यु भएकाहरुको संख्या सबैभन्दा बढी मधेस प्रदेशमा देखिन्छ ।

त्यहाँ एक हजारमा २१ जना मृत्यु भएको देखिन्छ । सबैभन्दा कम गण्डकी प्रदेश र वागमती प्रदेशमा छ । जीवित जन्ममा एक वर्ष नबित्दै १ हजार जनामा १२ जनाको मृत्यु भएको देखिन्छ । पुरुष र महिलामा बालबालिकाको हिसावमा हेर्दा (छोरा र छोरी) मा हेर्दा छोरीको मृत्युदर कम देखिन्छ । छोराको बढी छ ।

मधेस प्रदेशमा एक हजार जनामा १८ जना छोरीहरु मर्दा २३ जना छोराहरुको मृत्यु भएको छ । गण्डकी प्रदेशमा १२ जना छोराहरुको मृत्यु हुँदा ११ जना छोरीको मृत्यु भएको देखिन्छ । छोराहरुको मृत्युदर सबै उमेर समूहमा बढी छ ।

२०३८ को जनगणनादेखि २०७८ सालसम्मको ट्रेन हेर्ने हो भने नेपालमा यो मृत्युदरमा सुधार भएको छ । २०६८ मा एक हजार जना शिशुहरुमध्येमा जन्मिएका शिशुहरुमा ४० जना मरेको देखिन्छ भने हाल यो संख्या १७ मा पुगेको अवस्था छ ।

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

**स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना**

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ीकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ । यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ ।

साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आयुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ ।

# कर्णाली राजमार्ग २४ सैं घण्टा खुलाउन माग

**युग संवाददाता**
**कालिकोट, २९ वैशाख ।**

कर्णाली राजमार्गको सुर्खेत-जुम्ला सडकमा रात्रीकालीन यातायात संचालन गर्न कालीकोटका नागरिकले माग गरेका छन् । सडकको स्तरोन्नति गर्नुको सट्टा गाडी संचालनमा रोक लगाएर सरकारले नागरिकलाई सास्ती दिएको गुनासो गर्दै यहाँका नागरिकले राजमार्गमा २४ सैं घण्टा यातायात खुलाउन माग गरेका हुन् । एक दशकअघि बढी सडक दुर्घटना भएको भन्दै सरकारले कर्णाली राजमार्गमा रात्रीकालीन यातायात बन्द गर्ने निर्णय गरेको थियो ।

कालीकोट र जुम्ला जिल्ला प्रशासनको अनुरोधमा सरकारले कर्णाली राजमार्गमा रात्रीकालीन यायातात रोकेको थियो । त्यसयता सुर्खेत-जुम्ला खण्डमा बेलुकी ८ बजेदेखि बिहान ५ बजेसम्म यात्रुबाहक तथा मालबाहक यातायात संचालन गर्न पाइदैन ।



०६८ को भदौमा कालीकोटको वित्तामोड दुर्घटनामा २८ जनाको ज्यान गएपछि रात्रीकालीन गाडी संचालनमा रोक लगाइएको थियो । तर, कर्णाली राजमार्गमा ०६६ चैत्रमा ४२ जनाको ज्यान जाने गरी भएको किटु दुर्घटना बिहान ९ बजे भएको थियो भने १८ जनाको ज्यान गएको खिड्कीज्यूला बस दुर्घटना पनि दिउँसो नै भएको थियो । सरकारले सडक गतिलो बनाउनुको सट्टा गाडी संचालनमै रोक लगाएर कर्णालीबासीलाई अन्याय गरेको अधिकारकर्मी कर्णप्रसाद चौलागाईले बताए ।

'कर्णाली राजमार्गको स्तरोन्नति गरेर सडक सुर्धानुको सट्टा राति गाडी चलाउन रोकेर दुःख दिने काम भएको छ,' जिल्ला प्रहरी कार्यालयले गरेको नागरिक सुनुवाइमा मान्म बजारका ब्यवसायी जीवनकुमार शाहीले भने,' रारा आउने पर्यटकलाई सास्ती भएको छ ।'

उनले काठमाडौंबाटै मान्ममा होटल बुक गरेर आएका पर्यटकलाई दैलेखको पाल्ताडामै राति जान पाइदैन भनेर प्रहरीले आउन नदिएर दुःख दिने गरेको गुनासो पोखे ।' पहिलेको जस्तो सडक पनि अप्ठेरो छैन,' मान्मस्थित होटल रोनीका संचालनसमेत रहेका ब्यापारी शाहीले भने, 'मान्ममा रुम बुक गरेका यात्रुलाई बाटोमै अलपत्र पार्ने काम बन्द हुनुपर्छ ।'

उनले कर्णालीबासीलाई सडक फराकिलो र स्तरीय चाहिएकोमा सरकारले गाडी नै चल्न नदिने नियम बनाएर अन्याय गरेको तर्क गरे । उनले मान्म बजारमा पनि प्रहरीले शान्ति सुरक्षाको कारण देखाएर १० बजेपछि हिँडडुल गर्नेको नाम, ठेगाना, हिड्नुको कारण लेख्ने गरेकोप्रति समेत आक्रोश पोखे ।

फागुन लागे यता कालीकोटको बाटो हुँदै रारा जान दैनिक दुई सयदेखि ३ सयसम्म आन्तरिक पर्यटक आउने गर्छन् । सरकारले नै कर्णाली राजमार्गमा रात्रीकालीन यातायात संचालन गर्न नदिएर निश्चित ब्यवसायीलाई पोस्ने काम गरेको सुनाउँदै कालीकोट उद्योग वाणिज्य संघका अध्यक्ष रतनवहादुर शाहीले कर्णाली राजमार्गमा ट्राफिकले कुना काप्चामा बसेर गाडीवालासँग पैसा असुल्ने गरेको बताए ।

'नियम विपरीत काम गर्नेलाई खुला ठाउँमा बसेर पनि जरिवाना काट्न सकिन्छ,' उनले भने, 'कोल्टो परेको ठाउँमा लुकेर पैसा असुल्ने काम हुन्छ ।' आर्थिक मन्दीको बेला राति पनि कर्णाली राजमार्ग सुचारु हुनुपर्ने, मान्मलगायतका बजार केन्द्र राति पनि खोल्न पाउनुपर्ने उनको माग छ ।

उनले कर्णाली राजमार्गमा अनावश्यक चेकजाचको नाममा प्रहरीले यात्रुलाई सास्ती दिने गरेको भन्दै कर्णाली अपराधी बस्ने ठाउँ नभएको जिकिर गरे । कर्णाली राजमार्गमा गाडीवालाले प्रहरीलाई पैसा दिए चल्न पाउने, नत्र दुःख दिने गरेको गैसस महासंघका अध्यक्ष वीरेन्द्रवहादुर बुढाले गुनासो पोखे ।

प्रमुख जिल्ला अधिकारी गणेश नेपाली, जिल्ला प्रहरी प्रमुख अर्जुन केसी र खाडाचक्र नगर उपप्रमुख गणेशवहादुर शाही जवाफदेही वक्ता रहेको नागरिक सुनुवाईमा नागरिकले मान्म बजारको खानेपानी अभाव, स्थानीय तहमा भएका अनियमितता र बेतिथि, बजारमा भएको महँगी, चैत्रदेखि जिल्लाभर लागेको आगलागी लगायतका सवाल उठाएका थिए ।

# यार्सा टिप्न गएका जुम्लाका चार युवा अलपत्र

**युग संवाददाता**
**जुम्ला, २९ वैशाख ।**

डोल्पा जिल्लाका पाटनहरुमा यार्सा संकलनका लागि गएका जुम्लाका चार जना युवाहरु अलपत्र परेका छन् । जिल्लाको पातारासी गाउँपालिका ३ का चार जना युवाहरु डोल्पाको साल्दाङ फोतगाउकक पासु क्याम्पमा अलपत्र परेको पातारासी गाउककपालिकाका कार्यवहाक अध्यक्ष दत्तबहादुर बुढाले जानकारी दिए ।

उनका अनुसार पातारासी ३ मोहरीगाउककका ओमप्रकाश बुढा र जय बुढा, चौर गाउककका हिरालाल रावत र चन्नलाल रावत अलपत्र परेका हुन् । चार जनामध्ये ओमप्रकाश बुढा लेक लागेर बिरामी छन् । बिरामी परेका ओमप्रकाशको तल्लो शरीर नचलेको उनको भनाइ छ ।

आफन्तहरुले तत्काल उद्धार गरेर अलपत्र परेकाहरुको ज्यान बचाउन माग गरेका छन् । कार्यवहाक अध्यक्ष बुढाले भने, 'आफन्तहरुले फोन गरेर अलपत्र परेकाहरुको उद्धारको लागि पहल गर्न आग्रह गरेका थिए । त्यहीअनुसार प्रक्रिया अघि बढिरहेको छ ।'

प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले अलपत्र नागरिकको उद्धार गर्ने बारेमा छलफल भइरहेको बताए । उनका अनुसार प्रदेश सरकार र गृह मन्त्रालयमा हेलिकोप्टरको व्यवस्थाको लागि पत्र पठाइसकिएको छ । प्रदेश सरकारले हेलिकप्टरको खर्च बेहोर्ने वित्तिकै उनीहरुको उद्धार हुने प्रमुख जिल्ला अधिकारी घिमिरेको भनाइ छ ।

प्रदेश सांसद देबेन्द्रबहादुर शाहीले अलपत्र अवस्थामा रहेका नागरिकहरुको उद्धारको लागि कर्णाली प्रदेश सरकारसँग पहल भइरहेको बताए ।

# एमाले सिम्ता गाउँ कमिटीको अध्यक्षमा राजेन्द्र सिं ठकुरी

**दुर्गा विसि**
**सुर्खेत, २९ वैशाख ।**

नेकपा(एमाले) सिम्ता गाउँ कमिटीको दोस्रो अधिवेशन सर्व सहमतिमै टुंगिएको छ । दुईदिन सम्म चलेको अधिवेशनले राजेन्द्र सिं ठकुरीको अध्यक्षतामा गाउँ कमिटी घोषणा गरिएको छ ।

सिम्ता गाउँपालिका वडा नं ६ को २०७४ को स्थानीय निर्वाचनमा अध्यक्ष पदमा निर्वाचित लोकप्रिय व्यक्ति ठकुरी समाज सेवामा दखल देखिन्छन् । पछिल्लो समय युवा माझ निकै चर्चा कमाएका ठकुरी सर्व सहमतिमै नेकपा एमाले सिम्ता गाउँ कमिटीको अध्यक्षमा चयन भएका छन् । अध्यक्षमै ४ जना आंकाक्षी भए पछि सहमतिय प्रणालीअनुसार कमिटी घोषणा गर्न नेतृत्वलाई हम्मेहम्मे पर्यो । अध्यक्षमा राजेन्द्र सिंह ठकुरी,उपाध्यक्ष मोहन विसी,सचिव गगन सिंह ठकुरी,उप सचिव खगेन्द्र सिंह ठकुरी, महिला उप सचिव गोमा चन्द, लेखा समिति अध्यक्ष विन्द बहादुर अधिकारी र लेखा उपाध्यक्ष सिवदर बुढा रहेको जनाएको छ ।

# मुख्यमन्त्रीले बोलाए सर्वदलीय बैठक

**युग संवाददाता**
**सुर्खेत, २९ वैशाख ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सर्वदलीय बैठक बोलाएका छन् । कर्णालीको समग्र विकास र समृद्धिका विषयमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूबीच साझा धारणा बनाउने भन्दै मुख्यमन्त्री कँडेलले सर्वदलीय बैठक बोलाएका हुन् । उनले जेठ ४ गतेको लागि बैठक बोलाएका छन् ।

प्रदेशको विकास र समृद्धि सबैको साझा सरोकारको बिषय भएकोले सबै राजनीतिक दलहरूबीच साझा सहमति खोज्ने उद्देश्यले सर्वदलीय बैठकको आयोजना गरिएको मुख्यमन्त्री कँडेलले बताए ।

बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका प्रदेश अध्यक्षसहित ३ जना र दलका नेता वा प्रमुख सचेतकलाई सहभागिताका लागि आमन्त्रण गरिएको छ ।

प्रदेशसभामा नेपाली कांग्रेस, माओवादी केन्द्र, एमाले, एकिकृत समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रतिनिधित्व छ ।

# बाँकेको जमुनाहा नाका बन्द

**युग संवाददाता**
**बाँके, २९ वैशाख ।**

बाँकेको नेपाल-भारत जमुनाहा नाका तीन दिनका लागि बन्द गरिएको छ ।

भारतको उत्तरप्रदेशस्थित बहराइच जिल्लामा यही वैशाख ३१ गते हुने लोकसभा निर्वाचनका लागि सीमा नाका शुक्रबार राति १० बजेदेखि तीन दिनका लागि बन्द गरिएको जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीका अनुसार खुला सीमाका कारण बढ्न सक्ने सुरक्षा चुनौतीका कारण नाका बन्द गरिएको हो । नाका बन्द रहेका बेला एम्बुलेन्सलगायत अत्यावश्यक सेवालाई दुवै देशका सुरक्षाकर्मीको समन्वयमा कुनै अवरोध नहुने उनले बताए ।

निर्वाचनलाई लक्षित गरेर दुई देशका सीमा क्षेत्रमा मदिराको बेचबिखन र सेवनमा समेत रोक लगाइएको छ । लोकसभा निर्वाचनलाई दशगजा क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीले संयुक्त रूपमा गस्ती गर्दै आएका छन् ।


## जग्गा विक्रीमा रहेको सूचना






परिस्थितिले मान्छेलाई दास बनाउँछ । राम्रो भनेको राम्रै हो । सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ । राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो । राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो । राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ । ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला ।

**सम्पर्क नंबर**:- ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान**:- एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड ।

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अब एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

## सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER
• Screen Print • Offset Print • Digital Print
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**क्यालेण्डर**
स्पाइरल, साधारण, टेबल
के तपाई गुणस्तरीय छपाइको खोजीमा हुनुहुन्छ ?
B.C. Group Karnali

Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College

**भवानी छापाखाना**
Birendranagar-6, Surkhet
☎ 9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।